


ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः


# खप्तड स्वामीज्यूका "अमृत वचन"

## भगवान् के हुन् ?

यस सम्बन्धमा जे-जति भन्न चाहन्छु त्यो मेरो आफ्नो निश्चयको कुरा हो।
म यो भन्दिनँ अरूको निश्चय बेठीक हो;
परन्तु मलाई आफ्नो निश्चयमा कुनै सन्देह छैन। म यस विषयमा संशयात्मा छैन तापनि अरूको निश्चयलाई गलत साबित गर्न मलाई कुनै अधिकार छैन। भगवान् हुन् के ? यी शब्दको वास्तविक उत्तर त यही हो-यो कुरा भगवान् मात्र जान्दछन्। यसभन्दा बाहेक भगवान्को विषयमा उनलाई तत्त्वपूर्वक जान्ने ज्ञानी पुरुष उनको तटस्थ अर्थात् नगीचैको केही भाव बताउन सक्तछ। वास्तवमा भगवान्को स्वरूपलाई भगवान् नै जान्नुहुन्छ, तत्त्वज्ञहरू संकेतको रूपमा भगवान्को स्वरूपको केही वर्णन गर्न सक्तछन् ; परन्तु जे-जति जानिन्छ र वर्णनमा आउँछ, वास्तवमा भगवान् त्यसभन्दा अझ विलक्षण हुनुहुन्छ। वेद-शास्त्र र मुनि-महात्मा परमात्माको सम्बन्धमा सधैं भन्दै आइरहेछन्, किन्तु उनीहरूको यो भनाइ आजसम्म पूरा भएन। कोही परमात्माको वास्तविक स्वरूपको वर्णन गर्न चाहे तापनि ऊद्वारा पनि पूरा वर्णन हुन सक्तैन। अधूरो नै रहन्छ। यसैलाई एउटा भावुक महात्मा कुन प्रकार भन्दछन् सुन्नुहोस्-हाम्रो चारैतिर भित्र-बाहिर जो नित्य निरवच्छिन्न रूपले अधिष्ठित छन्। जसको खालि आँखाको इशाराले (कटाक्षविक्षेपले) इन्द्र, वरुण, चन्द्र-सूर्य, वायु आदि अफ्नो-आफ्नो कर्तव्यको पालनमा तत्पर रहन्छन्, जसको सत्ताको प्रभावले हामी जीवित छौं, उनी को हुन् ? जो चरणरहित भएर पनि सबै ठाउँमा जान्छन्, कान नभए तापनि मनको कुरासम्म पनि सुन्छन्, आँखा नभए तापनि सबै वस्तुहरूलाई प्रत्यक्ष देख्तछन्, जो हामीलाई सधैं हेरिरहन्छन्, किन्तु हामी जसलाई देख्ने इच्छा भएर पनि देख्न सक्तैनौं, थाहा छ, उनी को हुन् ? जो गुप्तरूपले सबैको वृत्तान्त जान्दछन्, जो सबैको परोक्षमा कसैले केही नचाहँदा पनि कति धेरै दान गरिरहेछन्, जो भोकाएकालाई अन्न, तिर्खाएकालाई पानी, रोगीलाई औषधी, र भयभीतहरूलाई अभय दिनको लागि आफ्नो शान्तिमय काख फैलाएर बस्दछन्, उनी हुन् को ?

धर्म·विज्ञान (प्रथम·खण्ड)

वेद हाम्रो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल





ॐ श्री गुरुपरमात्मने नम:

## धर्मो रक्षति रक्षित:

# खप्तड स्वामीज्यूका "अमृत वचन"

यो रत्नजटित मुकुट लाउने अहङ्कार, दम्भ, अभिमान आदि आफ्नो गणको साथ
जसको दर्शन गर्नको लागि गएर दर्शन नै नपाई अपमानित भएर घोसेमुन्टो लाउँदै फर्किरहेछन्,
यी काम-क्रोध, लोभ आदि ठग जसको समागमको डरले डराएर देश छाडी भागिरहेछन्,
यो दुराशा, विषयतृष्णा, भ्रान्ति, वेदना, दुर्बुद्धि, आसक्ति आदि वेश्याहरू जसको आदेशले राजधानीबाट
निस्लेर गइरहेछन्, सौम्यमूर्ति उनी को हुन्? बुद्धि जसलाई आलिङ्गन गर्न एवं ज्ञान जसको स्वरूप-निर्णय
गर्नको लागि गएर यसै फर्कियो, भाव जसलाई धारणा गर्नको लागि एवं कल्पना जसको परिमाण जान्नको
लागि गएर पार पुग्न सकेनन्, मन जसलाई देख्नको लागि गएर एवम् आत्मा जसको नगीच गएर फेरि फर्केन,
जान्दछौ उनी को हुन् ? मान्छे देश-देशमा खोजेर, कर्मकाण्डमा प्रयत्न गरेर ठूला-ठूला सम्प्रदायहरूको संगठन
गरेर पनि जसलाई प्राप्त गर्न सकेन, माया जसको अन्वेषण गर्दा, गुण जसको बन्धन गर्न खोज्दा र संज्ञा जसलाई
जान्दछौ उनी को हुन् ? जसको आरतीको लागि तारारूपी रत्नहरूले सुशोभित आकाशरूपी थालमा
जान्दछौ उनी को हुन् ? जसको आरतीको लागि तारारूपी रत्नहरूले सुशोभित आकाशरूपी थालमा
चन्द्र-सूर्यरूपी बत्ती बलिरहेछ, हावा चमर हम्किरहेछ, फूलका बोट सुगन्धित फूलहरूको वृष्टि गरिरहेछन्,
पक्षिगण सबै मङ्गल-गाथाहरूको कीर्तन गरिरहेछन्, वज्रघोष शङ्खध्वनि गरिरहेछ, देव दानव र मानव
वन्दना गरिरहेछन्, प्रसन्न मुख-मुद्रा भएका उनी को हुन् ?





ॐ श्री गुरुपरमात्मने नमः


धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

जो रत्नवेदीमा रहेर जीवलाई कर्मानुसार सुख अथवा दुःखरूप फल दिइरहेछन्; भक्ति, श्रद्धा, शान्ति, करुणा, मुक्ति आदि जसको चरण सेवा गरिरहेछन्; वैराग्य, अनिर्ममत्व, निरहङ्कार, ज्ञान, विचार, योग, धर्माचरण आदि शूर-वीर आफ्नो भुजदण्डको प्रतापले जसको ढोकामा द्वारपालको कार्य गरिरहेछन्; आनन्द-स्वरूप उनी को हुन् ? यी मेघमालाहरू अति वेगले जाँदा-जाँदै जसको प्रेमपूर्ण मुख देख्दैमा आँसू बगाउन थाल्दछन्, यो बिजुली जसको दर्शनको लागि चञ्चल भएर दौडन लाग्दछ, यो पाषाणहृदय पर्वतहरूले जसको प्रेमपूर्ण मुखको दर्शन गरेर प्रेमाश्रु-जलमा (नदीको प्रवाहमा) देश-विदेशलाई बहाएको छ, यो अग्निकुण्ड जसको भावले विमोहित भएर वाष्पाकुल नेत्र भएको छ, उनी को हुन् ? कुसुमावली जसतिर ताकेर हाँसिरहेका छन्, रूख जसको मुख देखेर रातको ओसको बहानाले रोई-रोई व्याकुल भएको छ, विश्वशोभा जसको विश्वशोभा जसको दर्शन गर्नको लागि सबैलाई आह्वान गरिरहिछन्, जान्दछौ उनी को हुन् ?

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

**धर्मो रक्षति रक्षितः**

# खप्तड स्वामीज्यूका "अमृत वचन"

जसले यो भोगविलासी घोर सांसारिक पुरुषहरूलाई आफ्नो विश्वमोहक भावमा विमोहित गरेर सर्वत्यागी बनाइदिए,
जो सुकेको पात खाने जर्जर-शरीर तरुतलवासी तपस्वीहरूको हृदयमा आविर्भूत (प्रकट) भएर उनका दुवै आँखा बन्द
जो बाह्यज्ञानशून्य जटाधारी पुरुषहरूको हृदयरूपी गुफामा प्रकाशित भएर कहिले उसलाई हँसाइरहेछ,
कहिले आँसुले उसको वक्षःस्थललाई निथ्रुक्क भिजाइरहेछ, कहिले उसलाई मौनी बनाएर स्थिर आसनमा बसालिरहेछ,
र कहिले ठूलो स्वरले गाना गाउन र नाच नचाउन लगाइ रहेछ, प्रेमको आवास उनी को हुन् ? जो संसाररूपी सागरको
तटमा खडा भएर अभय दिने निजी चरणरूपी डुङ्गाले मूल्य नलिई पतित एवं सन्तापित जीवहरूलाई पार गर्नको लागि
आफै माझी बनेर प्रेमपूर्वक पुकारिरहेछन्, जो दीन-दुःखी मानिसहरूको भयभीत हृदयको रोदन सुनेर आफ्नो हातले
उनीहरूको आँसुलाई पुछिरहेछन्, जो व्याकुलचित्त मानिसहरूलाई लगातार शान्तिरूपी अमृतपान गराइरहेछन्
उनी को हुन् ? समय-समयमा घोर अज्ञान जाललाई चुँडालेर जसको तेज अज्ञानले मलिन मनमा पनि प्रकाशित भइरहेछ,
जीव भलै उनलाई बिर्सोस् किन्तु उनी उसको परित्याग गर्दैनन् । जो मायारूपी निद्रा नाश गरेर
जीवलाई उठाउनको लागि वारंवार पुकारि-रहेछ; हेर, हेर उठेर हेर, उनी को हुन् ?

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

जसले आफैं निर्गुण भएर पनि तीन गुणहरूले जगत्लाई बाँधेर राखेका छन्, आफैं रूपरहित भएर पनि आश्चर्यरूपले त्रिभुवनलाई विमोहित गरेर राखेको छ तथा आफैं चैतन्यरूप भएर पनि संसाररूप स्वप्न देख्ने जीवलाई आफ्नो मोहिनी मायाले अचेतन गरेर राखिरहेछ, भोगनिद्राको परित्याग त गर, योगबलले चेतन भएर त हेर, उनी को हुन् ? आदिपुरुष ब्रह्माले ध्यानयोगले अपूर्व रूपको दर्शन गरेर भने-उनी को हुन् ? वृत्रासुरलाई मारेपछि इन्द्र, वायु, वरुण, अग्नि र यम उनको परम ज्योतिर्मय रूपलाई देखेर बोले उनी को हुन् ? देवर्षि, ब्रह्मर्षि र महर्षिहरूले समाधिमा जसलाई देखे, उनी को हुन्? वेदवेदाङ्ग, दर्शनशास्त्र आदि जसको वर्णन गर्नमा असमर्थ भएर बोले- उनी को हुन्? कविहरू कल्पनाराज्यमा घुमेर अन्तमा सोध्दछन्- उनी को हुन्? देवता, मानिस सबै जिज्ञासा गर्दछन्- उनी को हुन्? म पनि भन्दछु-उनी को हुन्? यदि कसैलाई थाहा छ भने हामीलाई बताइदिऊन्-उनी को हुन्? ए विषयानुरागी मान्छे! बिस्तारै-बिस्तारै दिन बितिरहेछ। वृद्धावस्था सेतो चँवर (फुलेको कपाल जुंगा-दारी आदि) आधि-व्याधिरूप झन्डा फहराएर मृत्युराज्यको आगमनको वृतान्तको घोषणा गरिरहेछ यसैले उसलाई छिटो जान्ने कोशिश गर-उनी को हुन्? श्रुति पनि पुकारिरहेछ -

उत्तिष्ठत जाग्रत प्राप्य वरान् निबोधत ।
क्षुरस्य धारा निशिता दुरत्यया, दुर्गं पथस्तत् कवयो वदन्ति ।।

वेद हामो धर्म शास्त्र हो
विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

ङ



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

जुन देवताको देवता महादेवबाट यो जगत् उत्पन्न भएको हो, जसले यो समस्त विश्वलाई व्याप्त गरेर राखेको
छ र जसमा यो सम्पूर्ण प्रपञ्च लीन हुन्छ, तैपनि जुन देवताको यस दृश्यसित कुनै पनि सम्बन्ध रहँदैन,
उनै देवता पूजनीय छन्। जसको न आदि छ, न अन्त र मध्य नै छ, जसको देश, काल अथवा वस्तुबाट
परिच्छेद हुँदैन, सबै पदार्थ जसको सम्बन्धले सिद्ध हुन्छ, कुनै प्रमाणले जो सिद्ध हुँदैन, उनै स्वयंसिद्ध देव पूजनीय हुन्।
जुन अलौकिक देवताको कुनै नाम छैन, तैपनि जुन नामले बोलाऊ त्यही नामबाट बोल्दछन् उनको कुनै धाम छैन,
तापनि सबै धामहरूमा विराजमान छन्, कुनै धाम उनीबाट रहित छैन, उनै देव पूजनीय छन्।
यो जगत् जसको आँखामा छ, जो जगत्का आँखाहरूमा छन्, आँखाविना नै जो सबैलाई देख्दछन्,
कानविना नै जो सबै शब्दहरूलाई सुन्दछन्, गोडा नहुनाले पनि जो मनले पनि छिटो दौडदछन्,
जसलाई कोही समाल्न सक्तैन, न कोही छाड्न सक्तछ उनै देव पूजनीय छन् ।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः

# खप्तड स्वामीज्यूका "अमृत वचन"

जुन देवको कुनै शरीर छैन, सबैको शरीर जसको शरीर हो, सबै शरीरहरूको जुन आत्मा हो, सबै शरीरहरू-

लाई जो नियममा राख्दछन् र सबै शरीरहरूमा जो अभिमान गर्दछन्, फेरि पनि जसमा नियम्य-नियामकभाव छैन,

व्याप्य-व्यापकभाव पनि जसमा छैन र जीव-ईश्वरभाव पनि जसमा छैन, जो सूर्य भएर सारा संसारलाई तताउँछन्,

र प्रकाशित गर्दछन्, चन्द्र बनेर देव, मनुष्य, औषधी आदिको पोषण गर्दछन्, वैश्वानर बनेर सबैको पेटमा

रही खाएका पिएका अन्न-जल पचाउँदछन्, जो आनन्दस्वरूप हुन्, जसको आनन्द लेशको अंशले ब्रह्मादेखि लिएर

स्तम्बपर्यन्त आनन्दित भइरहेछन्, जसलाई जानेर फेरि केही जान्न बाँकी रहँदैन, अर्थात् सबै कुरा जानिसकेको हुन्छ,

जसलाई पाएर सबै कुरा पाइसकेको हुन्छ, केही पाउन बाँकी रहँदैन, सबै कुरा जसमा छ जो सबैको उपादान कारण हो,


सबैको कर्ता हो, तैपनि अशेष विशेष रहन्छ, एक हो, अद्वितीय हो, सबै उपाधिहरूबाट वर्जित हो,

सबैको आफ्नो आफै हो, न सँगै छ, न टाढा छ, स्मरणमात्रमै उपस्थित हुन्छ, हो, उही देव पूजनीय हो।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

छ





# खप्तड स्वामीज्यूका "अमृत वचन"

म, तँ र ऊ भन्ने नाम जसमा छैन; देश, काल र वस्तुको जसमा काम छैन; ज्ञाता, ज्ञान र ज्ञेयदेखि जो टाढा छ; सब ज्योतिहरूको ज्योति हो; सत्त्व, रज र तमको जसमा लेश छैन, जसमा न अशेष छ, न विशेष छ; तैपनि जसको नाम निर्विशेष छ; कुनै पद वाक्य जसको नाम बताउन सक्दैन, तैपनि एक नकार अक्षरको यस्तो माहात्म्य छ-त्यो सत् र असत्ले रहितलाई पनि, सबै प्रपञ्चको निषेध गरेर शम, दम, सन्तोष, क्षमा, विवेक, वैराग्य आदि शुभ गुणहरूले युक्त अधिकारीको मनमा प्रकाश गरिदिन्छ। किनकि यो सबैको आत्मा अर्थात् स्वरूप हो, यसैले स्थूल, सूक्ष्म र बीजरूप प्रपञ्चको निषेध हुनाले आफै नै शेष रहेर पूर्ण आत्मरूपले प्रकाश हुन्छ। यस प्रकार नकार अक्षरको सहायता लिएर नै श्रुति भगवती त्यस देवताको बोध गर्दछिन्। जो छ र छैन पनि, तैपनि छ र छैन दुवैलाई सिद्ध गर्ने हो। विद्वान्हरूको भनाइ छ त्यसलाई जान्न गाह्रो छ, यस्तो हुँदो हो त ठीकै थियो। उसलाई कठिनाइसाथ जानिन्छ, परन्तु कठिनाइ त यो हो उसलाई जान्न सजिलो छैन त सजिलो छैन नै मानौं, परन्तु उसलाई जान्न त कठिन पनि छैन। जुन देव ग्राह्य पनि होइन, उपादेय पनि होइन, उसलाई कोही कसरी जानून्? जान्नु त अरूलाई पर्छ। आफूले आफूलाई जान्नु न जान्नु दुवै हुँदैन। जो आफ्नो आफू हो, उनै देव पूजनीय हुन्।




ज



ॐ श्री गुरुपरमात्मने नमः

धर्मो रक्षति रक्षितः


# खप्तड स्वामीज्यूका "अमृत वचन"

जुन देवको साक्षात्कार गरेर दधीचि ऋषिले देवताहरूको हित गर्नको लागि आफ्नो हाडहरू दिन अलिकता पनि सङ्कोच गरेका थिएनन्; किन्तु क्षणभरमा त्यस देवको ध्यान गरेर यस सङ्घातको त्याग गरेर उनै देवमा लय भएका थिए जसका हाडहरूको वज्रास्त्र बनाइएको थियो, जसको प्रतापले इन्द्रले वृत्रासुरलाई मारेर देवताहरूलाई निर्भय पारेका थिए। जुन देवको विज्ञानले पिप्पलाद मुनिले सुकेशादि छ ऋषिहरूलाई प्राण, श्रद्धा, आकाश, वायु, तेज, जल, पृथ्वी, इन्द्रिय, मन, अन्न, वीर्य, तप, मन्त्र, कर्म, लोक र लोकहरूमा नाम, यी सोह्र कलावाला पुरुषको उपदेश गरेका थिए, जसलाई जानेर आजकल पनि मनुष्य, जसरी गङ्गा आदि नदीहरू समुद्रमा मिलेर समुद्र नै हुन्छन्, त्यसरी नै प्रकृति पुरुषबाट परपुरुषमा लीन भएर परपुरुष नै हुन्छन्। जुन देवको ज्ञान नचिकेता नाम गरेका पाँच वर्षका बालकले यमराजकहाँ गएर समस्त ब्रह्माण्डलाई लात मारेर हिरण्यगर्भको सर्वोत्तम पदको पनि इच्छा नगरेरै पाएका थिए। जुन देवलाई जानेर याज्ञवल्क्यले जनक राजाको सभामा सुवर्णसहित गाईहरू अनेक विद्वान्हरूलाई शास्त्रार्थमा परास्त गरेर हरेका थिए, उनै देव पूजनीय हुन्।

वेद हाम्रो धर्म शास्त्र हो

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

झ





# खप्तड स्वामीज्यूका "अमृत वचन"

जुन देवसमान कुनै अर्को देव धनी र निस्पृह छैनन्, जुन देव हामी उहाँलाई मानौं या नमानौं, यसको स्पृहा गर्दैनन्, किन्तु जो हामीहरूले नमान्नाले नै सिद्ध हुन्छ। कोही त छ नै, जसलाई मान्नु नमान्नुलाई लिएर हामी विवाद गर्दछौं। यदि कोही नहुँदो हो त कसको हुनु र नहुनुलाई लिएर हामी विवाद गरौं ? कोही छ, उसलाई ग्रहण गरेर विवाद गरिन्छ। जुन देव सबै धर्मवालालाई मान्य छन्, जसको कुनै धर्म छैन, तैपनि जसका सबै धर्म छन्, जसलाई नजान्नाले सबै धर्ममा भेद देखिन्छ, जसलाई जान्नाले धर्महरूको, देशको, कालको, मेरो, तेरो इत्यादिको सबै भेद मेटिन्छ। न आफ्नो धर्ममा राग रहन्छ, न अर्काको धर्ममा द्वेष हुन्छ; किन्तु सर्वत्र सधैं सबै धर्महरूको अधिष्ठाता देशहरूका महाराज एकै सनातन देव सबैमा दृष्टि-गोचर हुन्छन्, हृदय शान्त रहन्छ, आधि-व्याधि हट्दछन्, तीनोटै पीर हट्दछन्, सुख नै, सुख संसारमा परिपूर्ण उपलब्ध हुन्छ, सबैलाई सबै प्यारा हुन्छन्, दोषी कोही हुँदैन, सबको सबै ईश्वररूप नै देखिन्छन् उनै देव पूजनीय छन्, भजनीय छन् र माननीय छन् ।

**वेद हामो धर्म शास्त्र हो**

विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल

ज्ञ




# खप्तड स्वामीज्यूका "अमृत वचन"

सृष्टिभन्दा पहिले एक नै सत्य, ज्ञान र आनन्दस्वरूप देव थिए, अर्को कोही थिएन। एक नै निष्काम, आप्तकाम र पूर्णकाम थियो, यस्तो देवलाई पनि नजाने कुन कारणले इच्छा भयो-म एक्लै छु, एकबाट धेरै होऊँ, धेरै भएर जगत्को लीला हेरूँ, उनले तीन गुण बनाए, पाँच भूत बनाए, ती नै तीन-पाँच मिलाएर चौध भुवन बनाए, तैपनि एकको एकै नै रहे, दोस्रो भएनन्, अनि दोस्रो बन्नको लागि उनले जसरी सूर्य प्रतिविम्ब रूपले चमकदार पदार्थहरूमा प्रवेश गर्छ, उसरी नै प्रवेश गरे, प्रवेश गर्नासाथ चौध भुवन र त्यसमा बस्ने जीव चेतन भए। यस प्रकार एकै देव अनेक भएर विश्ववाटिकामा नै घुम्न लागे। अहिले पनि घुमिरहेछन्, जो भाग्यवान् छ, त्यो सन्त-महात्माहरूको सेवाबाट यो जान्दछ एकै देव आफ्नो माया-शक्तिले सबैमा प्रवेश गरेर लीला गरिरहेछन्। उनी सबमा उस्तै सम-परमात्माको दर्शन गर्दछन्, यस्ता समदर्शी न कसैसँग राग गर्दछन्, न द्वेष गर्दछन्, न कसैलाई आफ्नो भन्दछन्, न कसैलाई पराई ठान्दछन्, आनन्दले जगत्को सैर गर्छन्। जो मूढ सन्त-महात्माहरूको सङ्गत गर्दैन, सत् शास्त्रहरूको अवलोकन गर्दैन, ऊ राग द्वेष गरेर आफै दुःखी हुन्छ, आफ्ना अनुयायीहरूलाई दुःख-सागरमा डुबाउँदछ। जुन देवको ज्ञान सुखको लागि र अज्ञान दुःखको कारण हो, उनै देव पूजनीय छन्।


**वेद हामो धर्म शास्त्र हो**


विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपाल




# खप्तड स्वामीज्यूका "अमृत वचन"

जुन देवको वारपार छैन, जुन करोडौं ब्रह्माण्डहरूका एक आधार छन्, आफैं निराधार छन्, जसको माया अपरम्पार छ। जसरी समुद्रहरूमा अनेक तरङ्ग उठेर लीन भइरहन्छन्, त्यसरी नै करोडौं ब्रह्माण्ड उत्पन्न भएर लीन हुन्छन्, जो सानोभन्दा सानो र ठलोभन्दा ठूलोमा पनि पूर्ण छन्, तैपनि आफ्नो मायाले मोहित पुरुषहरूलाई अपूर्ण झै देखाइदिन्छन् । अनेक भएर पनि जो स्वरूपबाट अच्युत हुनाले एकको एक नै रहन्छन् । जस्तो बहुरूपिया अनेक रूप धारण गरेर अनेक झैं देखिन्छन् तैपनि एकको एकै हुन् त्यस्तै जो आफ्नो मायाले ब्रह्मा, विष्णु, महेश्वर, इन्द्र, वरुण, कुबेर, देव दानव, मनुष्य, पशु-पक्षी अनेकरूपवाला दृष्टिगोचर हुन्छन्, तैपनि एकको एकै हुन्। जो अनेक आकारमा छिपेर काने-कानेपिच्चा खेलिरहेछन्, जो सूक्ष्मदर्शी उसलाई खोज्दछ, ऊ काने-कानेपिच्चाको खेलमा उसलाई खोज्न सफल भएर आनन्दले घुम्दछ, जो स्थूलदर्शी छ, ऊ उसलाई नगिचभन्दा पनि नगिच हृदयमा छिपेको भए तापनि खोज्न सक्तैन । ऊ जहाँ जान्छ, हार्छ, कहिले पनि जित्दैन। जो देव आफ्नो आफू हुनाले विवेकीहरूलाई परम-प्रत्यक्ष छन् र अविवेकीहरूलाई जो करोडौं उपाय गर्नालि पनि दर्शन दिदैनन्, उनै पूजनीय छन् ।






# खप्तड स्वामीज्यूका "अमृत वचन"

जो देव कहीं त मथुरा, काशी, बदरिकाश्रम आदि तीर्थहरूमा; कहीं इन्द्रादिदेवहरूमा; कहीं वामन, नृसिंह आदि अवतारहरूमा; कहीं ईश्वर, हिरण्यगर्भ, विराट आदि ईश्वरहरूमा; कहीं विश्व, तैजस, प्राज्ञ आदि जीवहरूमा; कहीं स्थूल, सूक्ष्म, कारण आदि शरीरहरूमा; कहीं जाग्रत्, स्वप्न, सुषुप्ति आदि अवस्थाहरूमा; कहीं आकाशादि भूतहरुमा; कहीं सत्त्व आदि गुणहरूमा; कहीं साम आदि वेदहरूमा; कहीं इतिहास पुराण आदिमा; कहीं ब्रह्मसूत्र आदि दर्शनहरूमा लुकेका छन्। बहिर्मुख पुरुष जसलाई यी स्थानहरूमा खोजेर हैरान भइरहेछन्, परन्तु उसको कहीं पत्ता ला'दैन, यसैले विचराहरू दुःखको अनुभव गरिरहेछन्। अन्तर्मुखी पुरुष जसलाई यी ठाउँहरूमा खोज्दैनन् किन्तु प्राणादिको संयम गरेर आफ्नो हृदयाकाशमा नै खोज्दछन्। खोजेर उसलाई पाउँदछन् र सर्वदाको लागि सुखी र स्वतन्त्र हुन्छन्। जुन देवको दर्शन सुख र स्वतन्त्रताको लागि छ र जसको दर्शन नहुनु दुःख र परतन्त्रताको कारण हो, उनै देव पूजनीय छन्।






# खप्तड स्वामीज्यूका "अमृत वचन"

जो नरपशु मूढ पुरुष संसारको चमक-दमक देखेर अन्धो भइरहेछ, जसलाई सत्य र असत्यको विवेक छैन, उनीहरूमध्ये कोही कीर्तिमा, कोही वासनामा, कोही कामनामा, कोही स्त्रीमा, कोही पुत्रमा, कोही धनमा, कोही ऐश्वर्यमा, कोही धर्ममा, कोही अर्थमा, कोही काममा लागेका छन् । कसैलाई मित्र सम्झन्छन् कसैलाई शत्रु मान्दछन्, कसैसँग द्वेष गर्दछन् । देहलाई नै आत्मा सम्झन्छन्, देहका सम्बन्धीहरूलाई नै आफ्नो सम्झन्छन्, लकीरका फकीर छन् अर्थात् मानिएका (कल्पित) बिन्दुलाई साँचो ठानेर नाप-तौलमा नै लागेका छन् । यस्तालाई जुन देवको छाया पनि देखिनु कठिन छ र जो विवेकी धीरवर पुरुष दुनियाँको चमक-दमक देखेर मोहित हुँदैनन्, जसलाई सत्य असत्यको विवेक हुन्छ, उनी कीर्ति आदिमा, स्त्री, पुत्र आदि नाशवान् पदार्थहरूमा आसक्त हुँदैनन् । न कसैको राग गर्छन् र न कसैको द्वेष गर्छन्, सबैलाई समान प्रेम गर्छन् । जसको दृष्टिमा शत्रु-मित्र समान हुन्छन् जसको दृष्टिमा दोस्रो नै छैन, एकै जनार्दनलाई नै जो सर्वत्र, सर्वदा, सर्वथा, सबैमा देख्दछन्, जसको देहमा आत्माध्यास छैन, र देहका सम्बन्धीहरूमाथि पनि जसलाई ममता र मोह छैन, यस्ता भाग्यवान् पुरुषहरूको जुन देव आफ्नो स्वरूप नै हो, उनै देव पूजनीय छन् ।

